# भूमिका

आधुनिक साहित्यको उद्भव र विकासमा यूरोपमा अठाह्रौं शताब्दीको उत्तरार्द्धमा र उन्नाईसौं शताब्दीको पूर्वार्द्धमा भएको राजनैतिक, औद्योगिक र सामाजिक परिवर्तनहरूको ठूलो भूमिका रहेको छ । फ्रान्समा भएको राज्यक्रान्ति र ब्रिटेनबाट शुरू भएको औद्योगिक क्रान्तिले समस्त यूरोपको पारम्परिक मान्यता, नैतिकता, धर्म, कला, संस्कृति आदिमाथि गहिरो प्रभाव पार्‍यो । यसका साथसाथै विज्ञान र प्रौद्योगिकीको क्रमश: बढ्दो प्रगतिले पनि व्यक्तिको चिन्तनधारालाई प्रभावित गर्‍यो । बीसौं शताब्दीमा भएका प्रथम र द्वितीय महायुद्धहरूका कटु अनुभवहरूले र त्यसले ल्याएका ध्वंसात्मक परिणामहरूले सम्पूर्ण विश्वलाई मानव मनको सूक्ष्म गहिराइभित्र पसेर हेर्न बाध्य गर्‍यो । मानव, अस्तित्वको गम्भीर प्रश्नको सम्बन्धमा सोच्न थाल्यो । यो सम्पूर्ण परिवर्तनहरूको फलस्वरूप पाश्चात्य साहित्यमा नवीन मूल्य र मान्यताको स्थापना हुँदै गयो । त्यसको प्रभाव क्रमश: विश्व साहित्यमा पर्‍यो ।

जीवन एउटा साधारण मूलबाट क्रमश: कालान्तरमा विभिन्न प्रकार र जटिल रूपमा विकसित हुँदै गएको प्रक्रिया हो । मानिस पनि अरू प्राणी सरह यस विकास क्रममा उत्पन्न भएको प्राणी हो [१] तर मानिस नितान्त पशु होइन कारण उसमा भएको बौद्धिक क्षमता, वाकशक्ति इत्यादिले गर्दा अरू पशुहरूभन्दा उ एउटा छुट्टै र उच्चस्तरीय प्राणी हुन पुग्यो फलस्वरूप उसले सामाजिक र सांस्कृतिक विकास गर्न सक्यो । विकासवादको सिद्धान्तले मानव र पशुमा अभेद स्थापित गरेपछि त्यसको प्रभाव साहित्यमा परेर प्रकृतिवादको जन्म भयो ।

---

१ Charles Darwin, Origin of Species, 1859

मानव चरित्र चेतन मनका सभ्य र सुसंस्कृत विचारहरूबाट होइन अचेतन मनका पाशविक तृष्णाहरूबाट निर्मित र परिचालित हुन्छ ।[१] यसले हाम्रो व्यक्तिगत र सामाजिक आचरणको निर्धारण गर्छ भन्ने विचारधाराको प्रभाव साहित्यमा पर्‍यो । मान्छेको आन्तरिक र वास्तविक रूप कस्तो हुन्छ त्यसलाई चित्रित गर्नु आधुनिक साहित्यकारको उद्देश्य भयो । एउटा मान्छेको सम्पूर्ण व्यक्तित्वलाई उद्घाटित गर्दा उस भित्रका द्वन्द्वात्मक वृत्तिहरू,उल्भेका विचारहरू र गम्भीर मानसिक स्थितिलाई व्यक्त गर्नुपर्छ किनभने आधुनिक जीवन उल्भनपूर्ण छ भनेर साहित्यमा यी पक्षहरूलाई महत्व दिइयो ।

औद्योगीकरणले गर्दा यूरोपीय देशहरूमा नयाँ आर्थिक स्थितिको सृजना भयो र समाजमा पुँजीपति वर्ग र मजदूर वर्गको बीचमा उत्पन्न भएका समस्याहरूले वर्ग संघर्षको स्थिति उत्पन्न गर्‍यो । भौतिक जीवनमा राजनीति, दर्शन, कला साहित्य आदिको विकास आर्थिक अवस्थाको प्रतिक्रिया र आर्थिक विकासमा निर्भर गर्छ भन्ने मार्क्स र एन्जेल्सको विचारलाई प्रमुखता दिदैं सन् १९३२ मा रूसका कलाकार र साहित्यिकहरूले समाजवादी यथार्थवादको मानदण्ड तयार पारेपछि यसको व्यापक प्रभाव विश्व साहित्यमा पर्‍यो ।[२] समाजवादी साहित्यिकहरूले प्रगतिशील साहित्यमा शोषकका विरुद्ध शोषित, दलित, पीडित र अल्पसंख्यकहरूको समस्यालाई प्रधानता दिन थाले ।

महायुद्धहरूले ल्याएको भयंकर खलबली र उत्पातले मानव जीवनमा अस्तित्ववादी दर्शनको महत्व अभ्र बढेर गयो । युद्धको संकटमय घडीमा मान्छेलाई कुनै अलौकिक शक्तिले बचाएन । आफ्नो केही दोष नहुँदा पनि मानिसहरू कालको मुखमा परे । बाँचेकाहरू पनि मानसिक रोगी र कुण्ठाग्रस्त भए । यसले युवा विचारकहरूलाई विद्रोही बनायो । उनीहरू परम्परागत मूल्य, नैतिकता,

---

1 Sigmund Freud, Interpretation of Dreams, 1900

Sigmund Freud, New Introductory Lectures on Psychoanalysis, 1933

2 George Reavy, Soviet Literature To-day, 1946

समाज, धर्म, ईश्वर सबैका विरोधी भएर आफूप्रति मात्र आस्था राख्न थाले । व्यक्तिको स्वतंत्र अस्तित्वमा विश्वास राख्दै आफ्नो भाग्य आफैं बनाउने क्रममा अस्तित्ववादी ज्याँ पाल सार्त्र [१] र अल्बर्ट कामुको [२] दर्शनबाट ज्यादा प्रभावित भएर साहित्यिकहरूले अस्तित्ववादी साहित्यको रचना गरे ।

आधुनिक नेपाली कथाकार र उपन्यासकार विश्वेश्वर प्रसाद कोइरालाका कृतिहरूमा मनोविज्ञान र अस्तित्ववादको ठूलो प्रभाव पाइन्छ । पाश्चात्य साहित्यका ख्यातिप्राप्त साहित्यिकहरूका महान् कृतिहरूबाट प्रभावित कोइरालाले नवीन प्रवृत्तिहरूलाई नेपाली कथा र उपन्यास साहित्यमा भित्र्याए ।

बी० पी० नामले प्रख्यात विश्वेश्वर प्रसाद कोइरालाका कथा र उपन्यास दुवैमा यौनलाई मानवको मूलभूत आवश्यकताको रूपमा स्वीकारिएको छ । समाज, नैतिकता, धर्म र सम्पूर्ण विधि विधानहरू मानव निर्मित हुन् । प्रशिक्षणद्वारा यिनीहरूको महत्व सम्बन्धी धारणा विकसित हुन्छ तर आफ्नै अन्तरनिहित आवश्यकताले तृप्तिकोकामना गर्‍यो भने समाजका कुनै कठोर बन्धनहरूले पनि उसलाई रोक्न सक्दैनन् । यौन मन र शरीरसित सम्बन्धित सहजवृत्ति हो जसको तृप्ति भोक र प्यास जत्तिकै अनिवार्य छ । त्यसमाथि प्रतिबन्ध लगाउनु आफैंप्रति अन्याय गर्नु हो भन्ने विचारधारा व्यक्त गर्दै उनी सफल सुखी र सन्तुलित जीवनको निम्ति यौन तृप्ति अनिवार्य भएको कुराको पुष्टि गर्छन् ।

मान्छे पढ-अनपढ, सभ्य-असभ्य, आधुनिक-पौराणिक जस्तो भएपनि मन भित्रको एकान्त कुनामा उ आफूलाई उस्तै आदिम, उस्तै पाशविक र उस्तै बर्बर पाउँछ किन ? बी० पी० का कथा र उपन्यासहरूले यिनै प्रश्नहरू उभ्याउँछन् र समाधानको निम्ति फ्रायडको मनोविश्लेषण सिद्धान्तमा प्रतिपादित विचार-धारातिर संकेत गर्छन् । उनका कथा र उपन्यासको आद्योपान्त अध्ययन गरेपछि

---

1 Jean-Paul Sartre, Existentialism and Humanism, 1949

2 Albert Camus, The Myth of Sisyphus and Other Essays, 1966

मानव मनको अतल गहिराइमा पुगिन्छ जहाँ मान्छे परिभाषाको सीमाभित्र नबाँधिने निरन्तर परिवर्तित मार्कसांगलो जस्तो मानसिक धरातलमा उनै आदिम वृत्तिहरूमा उल्फेको छ ।

नारी भावनाभूति र सौन्दर्यानुभूतिको विशेष माध्यम भएकोले प्राचीन कालदेखि आजसम्म साहित्यको केन्द्रविन्दु भएर बसेकी छ । आजकी नारी माध्यमिक कालकी नारी जस्ती रहस्यमय प्रहेलिका नभएर व्यक्तित्व प्रधान, चेतनशील र बुद्धि-जीवी नारी हो जुन आफ्नो भाग्य र आफ्नो भविष्यको निर्माण आफैं गर्ने दायित्व स्वयं वहन गर्न सक्षम छे । आज उ आफ्नो सम्पूर्ण व्यक्तित्वकासाथ विश्व समस्यासित जुझ्न अगाडि बढेकी छे ।

अध्ययनको उद्देश्य - विश्वेश्वर प्रसाद कोइरालाका रचनाका केन्द्रीयभूत विषय पुरुष र स्त्री दुवै भए तापनि उनका नारी पात्रहरू आजको जीवनको जटिल परिस्थिति र विषमताको सही प्रतिनिधित्व गर्न सक्षम छन् । उनले नारी मनको अतल गहिराइभित्र डुबेर त्यसका माध्यमद्वारा मनोविज्ञानको सैद्धान्तिक पक्षको विश्लेषण गर्ने प्रयत्न गरेका छन् ।

नारी प्रकृति र त्यसलाई प्रभावित पार्ने परिस्थितिहरूलाई मनोवैज्ञानिक परिप्रेक्ष्यमा हेर्दै चेतन, अर्द्धचेतन र अचेतनको संघर्षले गर्दा उसमा आएका आन्तरिक मानसिक द्वन्द्वको गम्भीर विवेचना गर्नु कोइरालाको नारी चित्रणको विशेषता हो । मनोविश्लेषणात्मक पद्धतिमा लेखिएका कोइरालाका कथा र उपन्यासलाई मनोवैज्ञानिक ढंगले विश्लेषण गर्नु र तिनीहरूमा स्थापित गर्न खोजेका धारणाको आधार पत्ता लगाएर त्यसै परिप्रेक्ष्यमा नारी चरित्रको विश्लेषण गर्नु यस शोध कार्यको उद्देश्य रहेकोछ ।

नारी जीवनलाई कोइरालाले विशिष्ट दृष्टिकोणले हेरेकाछन् । उनका कथाका र उपन्यासका नारी पात्रहरूमा आ-आफ्नै प्रकारका एउटा न एउटा विशिष्टता पाइन्छ । नारी पात्रहरूको गोपनीय पक्षलाई मनोवैज्ञानिक चातुर्यले

खोल्दै उनीहरूको अन्तरमनको गुह्यलाई पाठक समक्ष प्रस्तुत गर्नु उनको विशेषता रहेकोछ । यस शोध प्रबन्धमा कोइरालाका कथा र उपन्यासका नारीहरूलाई मनोवैज्ञानिक, अस्तित्ववादी र पारम्परिक आदि धारणाहरूको आधारमा केलाउँदै उनीहरूको सही विश्लेषण गर्ने प्रयास गरिएकोछ ।

मानव एउटा बहुआयामिक तत्व हो । उसलाई सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक, दार्शनिक आदि विभिन्न परिप्रेक्ष्यमा राखेर हेर्नु वैज्ञानिकता ठहर्छ । मानव गुण र दुर्गुणहरूको मिश्रण हो जसमा परस्पर विरोधी मौलिक वृत्तिहरू रहन्छन् । यी परस्पर विरोधी मौलिक वृत्तिहरूलाई आफूभित्र संगेटेर हिडेको व्यक्ति कोही बेला ज्ञानी विवेकी देखिन्छ, उही व्यक्ति अर्को परिस्थितिमा असामाजिक, पाशविक, दुष्ट र निर्विवेकी पनि देखिन्छ यो तथ्यलाई ध्यानमा राख्दै नारी पात्रहरूको मानसिकतालाई केलाउँदा परिस्थिति अनुसार बदलिने मानव मनको स्वाभाविकतामाथि प्रकाश पार्ने कोशिश गरिएको छ ।

शोध प्रबन्धको संक्षिप्त रूपरेखा - यस शोध प्रबन्धको प्रथम अध्याय शोध प्रबन्धको उद्देश्य, कार्य सीमा र विशेषतासित सम्बन्धित छ ।

द्वितीय अध्यायमा कथा र उपन्यास साहित्यको साधारण चर्चा गरिएको छ । नेपाली कथा र उपन्यास साहित्य विकासका विभिन्न अवस्थालाई पार गर्दै वर्तमान अवस्थासम्म आइपुगेको संक्षिप्त विवरणकासाथै आधुनिक कथा र उपन्यास-हरूका नारीहरूको चरित्र चित्रणमाथि प्रकाश पारिएको छ ।

तृतीय अध्यायमा बी० पी० को सामान्य परिचय, उनको पारिवारिक जीवन, साहित्यिक व्यक्तितत्व, राजनीतिमा उनको भूमिका, साहित्यमा उनलाई प्रभावित गर्ने र प्रेरणा दिने साहित्य र साहित्यकार आदिमाथि प्रकाश पार्दै मनोविज्ञान र अस्तित्ववादलाई नेपाली साहित्यमा भित्र्याएर बी० पी० ले दिएको विशिष्ट योगदानको सम्बन्धमा विस्तृत विवेचना गरिएको छ । यस अध्यायमा उनले लेखेका कथा र उपन्यासहरूको संक्षिप्त रूपरेखा प्रस्तुत गर्नुकासाथै बी० पी० ले

लेखेका अरू कृतिहरू, उनको जीवनी, कविता, प्रारम्भिक कालमा उनले लेखेका हिन्दी कथाहरू र राजनैतिक विचारहरू व्यक्त गरेका किताबहरूको सूची पनि दिइएको छ। बी० पी० को सम्पूर्ण व्यक्तित्वसित परिचित हुनका निम्ति उनका कथा र उपन्यास बाहेक अरू कृतिहरूको सम्बन्धमा केही जानकारी राख्न आवश्यक ठहराएर उनका अरू कृतिहरूलाई समेत यसमा समावेश गरिएको हो।

चतुर्थ अध्यायमा आधुनिक नेपाली कथा र उपन्यास साहित्यको मनोवैज्ञानिक विश्लेषणको परम्परालाई संक्षिप्त रूपले केलाउँदै नेपाली कथा र उपन्यास साहित्यमा विश्वेश्वर प्रसाद कोइरालाको के स्थान छ त्यसको निरूपण गरिएको छ। मनोवैज्ञानिक कथाकारको भाषा, शैली र प्रवृत्ति कस्तो हुन्छ र कोइरालाको के विशेषता रहेको छ त्यसको उल्लेख गरिएको छ।

पंचम अध्यायमा बी० पी० कोइरालाका कथा र उपन्यासका सांस्कृतिक, सामाजिक तथा मनोवैज्ञानिक परिप्रेक्ष्यमा निर्वाह गर्ने नारी पात्रहरूको मानसिक संघर्ष र उनीहरूको चरित्रगत विशेषतामाथि विस्तृत विवेचना गरिएको छ। सृष्टिको प्रारम्भदेखि नारीका सम्बन्धमा कस्ता धारणाहरू रहिआएका छन् त्यसको उल्लेख पनि यसमा गरिएको छ। प्रथम र द्वितीय विश्वयुद्धले ल्याएको नारी चेतनाको लहरबाट प्रभावित भएपछि नेपालका नारीहरूमा आएको जागृति, नारीको स्थितिमा सुधार ल्याउन विभिन्न महिला संगठनहरूले खेलेको भूमिकाको संक्षिप्तमा टिप्पणी पनि समावेश गर्नु प्रासंगिक लागेकाले त्यसको उल्लेख भएको छ। प्राचीन समाजमा नारीको स्थिति, तदनुरूप साहित्यमा नारीको चरित्र चित्रण, परम्परावादी नारी र आधुनिक नारीका प्रवृत्तिहरूमा भिन्नता ल्याउने प्रेरक तत्वहरू एवं वर्तमान अवस्थामा नारीले भोग्दै गरेको समस्या आदिमाथि यस अध्यायमा विस्तृत रूपले विवेचना गरिएको छ।

प्रस्तुत शोध प्रबन्धको विशेषता - विश्वेश्वर प्रसाद कोइरालाका कथा र उपन्यासहरूलाई लिएर केही समालोचनात्मक लेखहरू लेखिएका छन्। 'झ्यालबाट '(प्रथम

संस्करण वि० सं० २००६, चौथो संस्करण, दोस्रो पटक, साझा प्रकाशन, २०३३ पृ० ३२४-३३७) मा ईश्वर बरालले विश्वेश्वर प्रसाद कोइरालाको कथाकारितामाथि प्रकाश पार्दै उनको कथाकार व्यक्तित्वको विशेषतालाई केलाउँदै सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक विभिन्न परिप्रेक्ष्यमा लेखिएका उनका कथाहरूको संक्षिप्तमा निरूपण गरेका छन् । इन्द्रबहादुर राईको ` नेपाली उपन्यासका आधारहरू ` (नेपाली साहित्य परिषद प्रकाशन, दार्जिलिंग, २०३१ पृ० २५०-२७६) समालोचनात्मक ग्रन्थमा ` अस्तिवादी वरण ` शीर्षक समालोचनामा ` तीन घुम्ती `` सुम्निमा ` र ` नरेन्द्र दाइ ` उपन्यासहरूको र विशेष गरी ` तीन घुम्ती ` उपन्यासकी प्रमुख पात्र इन्द्रमायालाई लिएर अस्तित्ववादी दर्शनको आधारमा विश्लेषण गरिएको छ । ` केही साहित्यिक चिन्तन ` (साझा प्रकाशन, काठमाण्डू २०३२, पृ० १३०-१४३) का लेखक वासु रिमाल ` यात्री ` ले यसमा ` यौन र नेपाली उपन्यास ` शीर्षक समालोचनात्मक लेखमा सुम्निमा उपन्यासको सन्दर्भलाई छुँदै बी० पी० कोइरालाको फ्रायडवादी दृष्टिकोणको विरोध गरेर अध्यात्मवादी दर्शनको महत्व नबुझेका भन्ने आरोप लगाएका छन् । बी० पी० स्वयंले अध्यात्मवाद र भौतिकवादको सम्झौता गराउने उद्देश्यलाई लिएर यो उपन्यास लेखेको हो भन्ने पुष्ट्याइसकेकोले यो समालोचना उपयुक्त परिप्रेक्ष्यमा नलेखिएको बुझिन्छ ।

कृष्णचन्द्रसिंह प्रधानले ` नेपाली उपन्यास र उपन्यासकार ` (साझा प्रकाशन, काठमाण्डू, प्र० सं० २०३७ पृ० ३२०-३२८) समालोचनात्मक ग्रन्थमा विश्वेश्वर प्रसाद कोइरालाका तीनवटा उपन्यासहरू ` तीन घुम्ती,`` सुम्निमा ` र ` नरेन्द्र दाइ ` को चर्चा फ्रायडको मनोविश्लेषण सिद्धान्तको आधारमा गर्दै उनलाई विशिष्ट मनोविश्लेषणवादी उपन्यासकारको रूपमा उभ्याएका छन् । बरगाछी (बी० पी० कोइराला स्मृति अंक, वर्ष १४, पूर्णांक ८, विराटनगर २०४०) मा विश्वेश्वर प्रसाद कोइरालाका कथा, उपन्यास र साहित्यमाथि विभिन्न लेखकहरूका समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । यसमा संगृहीत डिल्लीराम तिमसिनाको ` हिटलर र यहूदी; एक अध्ययन ` (पृ० ३८-४१) शीर्षक समालोचनामा उक्त उपन्यासको संक्षिप्तमा मूल्यांकन गरिएको छ । त्यसमा भएका अरू लेखहरू

जस्तै - तारानाथ शर्माको ' मूल्यांकन ' (पृ० ९-१२) देवकुमारी थापाको ' पवित्रा कथाको समालोचना ' (पृ० ५६-५७), हरि प्रसाद पराजुलीको ' हिन्दी कथाको समालोचना (पृ० ५८-६१), दयाराम श्रेष्ठ ' सम्भव ' को ' मधेसतिर कथाको समालोचना ' (पृ० ६२-६४), शरद दोत्रीको ' मोदिआइनको समालोचना ' (पृ० ६८-७२) आदिमा समालोचकहरूले आ-आफ्ना व्यक्तिगत धारणाका आधारमा बी० पी० का कृतिहरूको संक्षिप्तमा विवेचना गरेका छन् । यसै स्मृति अंकमा छविलाल पोखरेलको ' आग्रह पुरातनको : सन्दर्भ सुम्निमा र मोदिआइनको ' (पृ० ६५-६७) समालोचनामा महाभारतको समयका किरातहरूको सभ्यताको चर्चा गर्दै सुम्निमा उपन्यासकी सुम्निमालाई उपन्यासकारले नांगो देखाएको र गाई काटेर खाएको कुराको खण्डन गरेका छन् । फ्रायडवाद छाडावाद हो भनी निन्दा गरिएको यो लेख फ्रायडको मनोविज्ञानको अध्ययन नभएको र उपन्यासले स्थापित गर्न खोजेको धारणालाई समेत नबुझी लेखिएकोले यो आलोचना युक्तिसंगत छैन ।

राजधानी साप्ताहिक (बी० पी० विशेषांक, वर्ष १, अंक २८, २०४१) मा छापिएको विष्णु शर्माको ' अराजकतावादी साहित्यकार बी० पी० ' समालोचनामा मनोविश्लेषण पद्धतिलाई अंगालेर लेखेका उनका तीनवटा उपन्यासहरू ' तीन घुम्ती,' ' नरेन्द्र दाइ,' र ' सुम्निमा ' मा समाजमान्य नैतिकताका विरोधमा उभिएको व्यक्ति मानसको चर्चा गरिएको छ । यसै अंकमा प्रकाशित अच्युत रमण अधिकारीको ' वि० प्र० कोइराला : मनोवैज्ञानिक कथाकार ' लेखमा कोइरालाका कथामा पाइने फ्रायडीयन मनोविज्ञान सम्बन्धी संक्षिप्त सामान्य चर्चा गरिएको छ । यसमा छापिएको हरि प्रसाद पराजुलीको ' कथाकार विश्वेश्वर प्रसाद कोइरालाका कथामा व्यंग्य ' लेखमा कोइरालाका मनोवैज्ञानिक कथामा पाइने व्यंग्यात्मक अभिव्यक्तिको झलक पाइन्छ । राजधानी साप्ताहिकमा नै छापिएका जयराज आचार्यका दुईवटा समालोचनात्मक लेखहरू ' विश्वेश्वर प्रसाद कोइरालाको साहित्यिक मूल्यांकन ' (२८ फाल्गुन र ५ चैत्र, २०४१) मा बी० पी० का चारवटा उपन्यासहरू ' तीन घुम्ती,' ' सुम्निमा,' ' नरेन्द्र दाइ ' र ' मोदिआइन ' को दार्शनिक पक्षमाथि प्रकाश पारिएको छ ।

आजसम्म विश्वेश्वर प्रसाद कोइरालाका जति पनि कृतिहरूको मूल्यांकन भएको छ त्यसमा उनका कथा र उपन्यासका नारी पात्रहरूलाई मात्र लिएर छुट्टै विस्तृत र गहन अध्ययन भएको छैन । उनका कथा र उपन्यासमा मुख्य रूपमा नारी पात्रहरूको विभिन्न अवस्थामा विविध प्रकारले चित्रण भएको छ । उनी नारी चरित्रहरूको चित्रण विशेष व्यापकता र गहिराइकासाथ गर्दै उनीहरू भित्रका क्षुद्रता र महानतालाई मनोवैज्ञानिक सूक्ष्मदर्शी चश्माले हेर्ने गर्छन् । कोइरालाका कथा र उपन्यासका नारी पात्रहरूको विशेष अध्ययन गरेर सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक र अस्तित्ववादी आदि विविध परिप्रेक्ष्यमा उनीहरूको व्यक्तित्वको मूल्यांकन गर्दै उनीहरूले बोकेका विशेषताहरूको विश्लेषण यस शोध प्रबन्धमा गरिएको छ । विश्वेश्वर प्रसाद कोइरालाका नारी मनोविज्ञानमाथि प्रकाश पारिएका कथा र उपन्यासका नारी चरित्रहरूको चरित्रगत विशेषतालाई केलाएर आजसम्म रिक्तरहेको स्थानलाई पूर्ति गर्ने प्रयास यस शोध प्रबन्धमा भएको छ ।

--------